"सीप र रोजगार : आर्थिक समृद्धीको आधार"

**अन्तर्राष्ट्रिय आप्रवासी कामदार दिवस, २०१९ भव्यताका साथ मनाऔं**

# राष्ट्रिय आह्वान पत्र

विश्वमा भुमण्डलीकरणको गतिसँगै रोजगारीको अवसरको लागि विदेश जाने क्रम पनि तीव्ररुपमा बृद्धि हुँदै गएको छ । उपलब्ध तथ्याङ्क अनुसार संसारभर २३ करोडभन्दा बढी मानिस आप्रवासीको रुपमा रहेका र सो मध्ये १५ करोडभन्दा बढी आप्रवासी कामदारको रुपमा रहेका छन् । यसरी आप्रवासी कामदारको रुपमा रहेका व्यक्तिहरुका हित र अधिकारको रक्षाको साथै वैदेशिक रोजगारमा रहँदा पाउने पारिश्रमिक तथा अन्य सेवा सुविधा, न्युनतम् मानव अधिकारको प्राप्ति आदिमा विदेशी नागरिक भएको कारणबाट आप्रवासी कामदारहरु माथि हुनसक्ने विभेदलाई ध्यानमा राखी संयुक्त राष्ट्र संघले डिसेम्बर १८ का दिन आप्रवासी कामदार र तिनका परिवारको सदस्यहरुको अधिकार संरक्षण सम्बन्धी महासंधि, १९९० पारित गर्‍यो जुन सन्धि सन् २००३ जुलाई १ देखि लागू भएको छ । यस महासन्धिले "आप्रवासी कामदार भन्नाले आफू नागरिक नरहेको राष्ट्रमा पारिश्रमिक पाउने क्रियाकलापमा लागेको वा लगाइएको व्यक्तिलाई सम्झनु पर्दछ" भनेर आप्रवासी कामदारको परिभाषा गरेको छ । संयुक्त राष्ट्रसंघको महासभाले सन् २००० डिसेम्बर ४ मा प्रस्ताव नं. ५५/९३ लाई पारित गर्दै संसारभर ठूलो संख्यामा रहेका आप्रवासीको सरोकारको दस्तावेज पारित भएको दिन १८ डिसेम्बरलाई विश्व आप्रवासी कामदार दिवसको रुपमा मनाउने गरिएको छ । नेपालमा पनि यो दिवस सम्बद्ध सरकारी, गैरसरकारी, निजी क्षेत्र लगायत सम्बद्ध पक्षहरुको संयुक्त पहलमा प्रत्येक वर्ष विभिन्न कार्यक्रम आयोजना गरी मनाउँदै आइएको छ ।

पन्ध्रौं योजना (आ.ब. ०७६/७७-०८०/८१) को आधारपत्र अनुसार नेपालमा बार्षिक करिब ५ लाख थप जनशक्ति श्रम बजारमा प्रवेश गर्दछन् । एकातिर देशभित्र पर्याप्त रोजगारीको अवसरहरु नभएको र अर्कोतिर गन्तब्य मुलुकको आकर्षणका कारण दैनिक करिब बाह्रसय युवाहरुले वैदेशिक रोजगारीमा जानका लागि श्रम स्वीकृति प्राप्त गर्ने गरेका छन् । वैदेशिक रोजगार विभागले आ.व. २०५०/०५१ देखि २०७५/०७६ सम्म पटक-पटक गरी करिब ४६ लाख श्रम स्वीकृति जारी गरेको छ । यद्यपि वैदेशिक रोजगारीबाट फर्किएकाहरुको तथ्याङ्क अद्यावधिक हुन नसकेकाले वैदेशिक रोजगारमा कार्यरतको संख्या एकिन गर्न कठिन छ । यस बाहेक शिक्षा, व्यापार, व्यवसाय आदि कारणले विदेश जानेहरु, अलेखबद्ध कामदार तथा भारतमा रोजगारीका लागि गएका नेपालीहरुको संख्यालाई अभिलेख गर्ने हो भने यो संख्या अझ बढि हुने अनुमान गर्न सकिन्छ । वैदेशिक रोजगारीका अवसर तथा चुनौती दुबै छन् । वैदेशिक रोजगारीबाट प्राप्त हुने मुख्य अवसर भनेको विप्रेषण, सीप र अनुभव हो । नेपालमा आ.व. २०७५/०७६ मा मात्रै कुल ८७९ अर्ब रुपैया विप्रेषण भित्रिएको तथ्याङ्कले देखाउँछ । नेपालमा गरिबी घट्नुमा विप्रेषण एउटा महत्वपुर्ण कारक बन्न पुगेको छ । वैदेशिक रोजगारीका चुनौतीको रुपमा स्वदेशमा श्रम शक्तिको अभाव, सामाजिक प्रभाव, बौद्धिक तथा श्रम पलायन जस्ता प्रभाव प्रमुख रहेका छन् । यसका साथै विभिन्न मुलुकबाट नेपालमा काम गर्न आउनेको संख्या पनि क्रमशः वृद्धि हुँदै गएको छ । उनीहरुको हकहितको रक्षाका लागि समेत हामी सबै सजग रहनु पर्दछ ।

वैदेशिक रोजगारीमा रहेका र रोजगारीमा जाने श्रमिकको हकहित तथा वैदेशिक रोजगारी सम्बन्धी जनचेतनाका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहका विभिन्न जिम्मेवारी तोकिएका छन् । जसअन्तर्गत ऐनको दफा ११ मा व्यवस्था भए बमोजिम स्थानीय तहले सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेका श्रम शक्तिको सूचना तथा तथ्यांकको संकलन तथा व्यवस्थापन गर्ने, रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन गर्ने, वैदेशिक रोजगारीमा जाने श्रम शक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालिमको सञ्चालन गर्ने, वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सामाजिक पुनः एकीकरण एवं पुनर्स्थापना तथा वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग गर्ने जस्ता महत्वपूर्ण कार्यहरुको जिम्मेवारी तोकिएको छ । यसका अतिरिक्त वैदेशिक रोजगार नियमावली, २०६४ को पाँचौं संशोधनबाट वैदेशिक रोजगारीको क्रममा मृत्यु तथा अंगभंग भएका कामदारलाई प्रदान गरिने आर्थिक सहायताको निवेदन स्थानीय तहमार्फत् समेत बोर्डमा दिन सकिने व्यवस्था गरिएको छ ।

सुरक्षित वैदेशिक रोजगारीका लागि सरोकारवालाहरूमा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले विगतका बर्षहरूमा जस्तै यस बर्ष पनि आप्रवासी कामदार दिवस मनाउने निर्णय भएको छ । यस दिवसलाई भव्य र सभ्य रुपमा मनाउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिवज्यूको संयोजकत्वमा एउटा मूल समारोह समिति गठन गरी त्यस अन्तर्गत अन्य उपसमितिहरू गठन गरिएका छन् । वैदेशिक रोजगारीमा जानका लागि आवश्यक पर्ने नागरिकता, राहदानी तथा अन्य कागजातहरू तयार पार्न स्थानीय तथा जिल्ला स्तरका जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, नगरपालिका तथा गाउँपालिका लगायतका संस्थाहरूको महत्वपुर्ण भुमिका रहेको छ । यसर्थ सबैको सरोकारको विषय भएको आप्रवासी कामदार दिवसले स्थानीयस्तरमा समेत विशेष महत्व राख्दछ । अतः यस दिवसलाई स्थानीय स्तरसम्म पुऱ्याउन स्थानीय निकायको अगुवाईमा जिल्लास्थित विभिन्न सरकारी निकायहरू, वैदेशिक रोजगारको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरू, सबै राजनीतिक दल, नागरिक समाज, गैरसरकारी एवं निजी संघ संस्थाहरू, ट्रेड युनियनहरू, सञ्चार माध्यमहरू समेतको सक्रिय सहभागीतामा निम्न अनुसारका प्रस्तावित कार्यक्रमहरूको आयोजना गरी यो दिवस प्रभावकारी ढंगबाट मनाउनका लागि मूल आयोजक समिति हार्दिक आव्हान गर्दछ :-

- रेडियो/एफ.एम./टि.भी. कार्यक्रमहरू/एस.एम.एस. शुभकामना
- सञ्चारकर्मीहरूसँग अन्तरक्रिया कार्यक्रमहरू
- सरोकारवालावीच अन्तरक्रिया कार्यक्रम,
- जनचेतनामूलक कार्यक्रम/मेला
- प्रचारप्रसार सामाग्री छपाई तथा वितरण,
- प्रभातफेरीको कार्यक्रम आदि ।

अन्तर्राष्ट्रिय आप्रवासी कामदार दिवस, २०१८ को राष्ट्रिय मूल नारा :- **"सीप र रोजगार : आर्थिक समृद्धीको आधार"** तय गरिएको छ भने प्लेकार्ड/ब्यानर आदिका लागि अन्य सचेतनामूलक नाराहरू देहाय बमोजिम हुनेछन् :-

- सकभर आफ्नै देशमा काम गरौं, विदेशमा गएर पैसा कमाउन त्यति सजिलो छैन ।
- अरूको लहैलहैमा वैदेशिक रोजगारीमा नजाऔं । वैदेशिक रोजगार विभागबाट इजाजतपत्रवाला संस्था (म्यानपावर कम्पनी) को माध्यमबाट मात्रै जाऔं ।
- सीप सिकेर मात्र वैदेशिक रोजगारमा जाऔं । आफ्नै जिल्लामा निःशुल्क सीप तालिम दिने संस्थाहरू पनि हुन सक्दछन्, खोजी गरौं र सीप सिकौं ।
- आफू जाने देशको भाषा जानेमा विदेशमा सहज हुन्छ, त्यसतर्फ ध्यान पुऱ्याऔं ।
- स्थानीय तहमा भएका सुरक्षित वैदेशिक रोजगारबारे आधिकारिक सूचना र परामर्श दिने संस्थामा सर्म्पक गरी सही सूचना हासिल गरौं ।
- सम्बन्धित देशको सामाजिक, धार्मिक र रोजगार कानूनबारे राम्रो जानकारी लिएर मात्रै वैदेशिक रोजगारीमा जाऔं ।
- वैदेशिक रोजगार कल्याणकारी कोषमा योगदान गरी समस्यामा पर्दा पाइने सेवा सुविधा प्राप्त गरौं ।
- वैदेशिक रोजगारीमा जाँदा स्वदेशी विमानस्थलको मात्र प्रयोग गरौं ।
- सरकारी नीति नियमको सदैव पालना गरौं ।
- वैदेशिक रोजगारका लागि कुनै पनि प्रकारको शुल्क तिर्दा अनिवार्य रुपमा भरपाई लिने गरौं ।
- घरेलु कामदारका रूपमा विदेशमा काम गर्न जाने महिलाहरूले अनिवार्य रुपमा सीप तालिम प्राप्त गरी र वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारमा जाऔं ।
- वैदेशिक रोजगारमा जानुअघि आफ्नो पासपोर्ट, भिषा, करारपत्र, नागरिकता लगायत सबै कागजातहरूको एक/एक प्रति फोटोकपी परिवारमा छाडौं र एक प्रति आफुसँग राखौं ।
- वैदेशिक रोजगारबाट हुने कमाईलाई उत्पादनशील काममा खर्च गरौं । आफ्नो मेहनतको कमाईलाई वित्तीय संस्थामार्फत् स्वदेशमा पठाउने गरौं ।
- विदेशमा आफुलाई समस्या पर्दा सहयोगका लागि पहल गर्ने नेपाली दुतावास, श्रम सहचारी लगायत अन्य सम्बन्धीत संघ संस्थाहरूका बारेमा बुझौं र सबैको सर्म्पक नम्बर लिई राखौं ।
- विदेशमा रहँदा उक्त देशको धर्म/संस्कृति र कानुन, सम्मान गरौं ।

नेपाल सरकार
श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(मूल समारोह समिति)
अन्तर्राष्ट्रिय आप्रवासी कामदार दिवस, २०१९